आज मिति २०८१ साल माघ २२ गते मंगलबारका दिन बिहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

१९. श्री दिनेश मांझी - लेखा अधिकृत
२०. श्री मेवालाल चौधरी - प्रशासन शाखा
२१. श्री सन्तराम कठरिया - कृ. अ. —
२२. श्री अभिषेक कठरिया का. सं.
२३. श्री लेखनाथ उपाध्याय - सब इन्जिनियर

**प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।**

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वयन समीक्षा गर्दा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

**प्रस्ताव नं.२ :- जानकी गाउँपालिकाको बड्घर विधेयक, २०८१ सम्बन्धमा ।**

निर्णय नं.२ :- प्रस्ताव नं. २ माथी छलफल गर्दा जानकी गाउँपालकाको बड्घर विधेयक, २०८१ माथि दफावार छलफल गरि पारित गरियो र गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :- जानकी गाउँपालिकाको नगर प्रहरी विधेक, २०८१ सम्बन्धमा ।**

निर्णय नं. ३ :- प्रस्ताव नं.३ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको नगर प्रहरी विधेयक, २०८१ माथि दफावार छलफल गरि पारित गरियो र गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४ :- बेरुजु फछर्यौट गर्ने सम्बन्धमा ।**

निर्णय नं. ४:- प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको हाल सम्मका नियमित गर्नु पर्ने तपसिल बमोजिमका बेरुजुहरु दफावार छलफल भई लगत कट्टा गर्न महालेखा परिक्षकको कार्यालयमा सम्परिक्षणका लागि पठाउनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिल:-**

८१.१०.२२
आशिश चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।१०।२२
**गणेश चौधरी**
**अध्यक्ष**

| क.सं. | बेरुजुको दफा | बेरुजु फछ्र्यौट | | | | फछ्र्यौट गर्ने जिम्मेवार व्यक्तिको नाम र दर्जा |
|---|---|---|---|---|---|---|
| | | छोटकरी विवरण | रकम | व्यहोरा | रकम | |
| १ | २०७६/०७७/४७ | गो.भौ.नं. २५।०७६।८।२९ र ६५।०७६।१०।५ मातृ तथा नवशिशु कार्यक्रम अन्तरगत आमा सुरक्षा, न्यानो झोला, भिटामिन के, सल्फेट सोडियम, ग्लुकोनेट र निःशुल्क गर्भपतन कार्यक्रमको रकम निकासा पठाएको कार्यालयबाट सोको प्रगति प्रतिवेदन प्राप्त गरी अनुदान रकमको उपयोग र प्रभावकारिता सम्बन्धमा अनुगमन गरिनु पर्दछ । | ७०६८००.०० | उक्त कार्यक्रम मार्फत स्थानीय गर्भवती महिला लाभान्वित भएको तथा मातृ तथा नवजात शिशु जस्तो संवेदनशिल विषयमा गाउँपालिका गम्भिर भई अनुगमन गर्न थालेको र उक्त रकम दुरुपयोग नभएको हुदा सम्परिक्षण गर्न मुनासिव देखिन्छ । | ७०६८००.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |
| २ | २०७६/०७७/४८ | प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ३७(३) अनुसार खर्चको बिल भरपाई वा खर्च पुष्ट्याई आधार प्रमाण संलग्न राखी बजेट खर्च लेखु पर्नेमा निम्नानुसार कैफियत व्यहोरा देखिएकोले उक्त खर्च नियमित छ भन्न सकिएन । | १२६०७२२६.०० | उल्लिखित व्यहोरा सम्बन्धमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सामुदायिक विद्यालयमा आकर्षित गर्न, पोष्टिक आहार उपलब्ध गराउन तत्काल विद्यालयमा खाजा तयार गरि विद्यार्थीलाई खुवाउने आवश्यक पूर्वाधारको अभाव भएको हुदा विद्यार्थीलाई घरबाट नै खाजा उपलब्ध गराउन सहज हुने गरि विद्यार्थीका अभिभावकलाई रकम उपलब्ध गराएको र हाल सम्पूर्ण विद्यालयहरुमा पालिकाले भान्सा घर निर्माण गरि विद्यालयमा नै खाजा तयार गरि उपलब्ध गराउने व्यवस्था मिलाई दिवा खाजा कार्यक्रम सञ्चालन गरिएकोले तत्कालिन समयमा वितरण गरिएको दिवा खाजा रकम दुरुपयोग नभई सम्बन्धीत विद्यार्थीले नै उपभोग गरेकोले सम्परिक्षणको लागि मुनासिव देखिन्छ । | १२६०७२२६.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |
| ३ | २०७६/०७७/५० | गो.भौ.नं. २५।०७६।८।२९ राष्ट्रिय मा.वि. अमौरा जानकी ५ को विद्यालय भवन भौतिक मर्मत (रेट्रो फिटिङ्ग) को लागि कार्य सम्पादनको आधारमा बजेट खर्च लेख्नु पर्नेमा कार्यालयबाट भवन निर्माण सम्बन्धि निरिक्षण, अवलोकन गरी नियमानुसार सम्झौता बमोजिमका फाँटवारी/प्रतिवेदन प्राप्त गरी निकासा दिएको विशेष अनुदान रकमको उपयोग र प्रभावकारीता सम्बन्धमा अनुगमन हुनु पर्दछ । | ८८२०००.०० | राष्ट्रिय मा.वि. जानकी ५ अमौराको पुरानो विद्यालय भवन २०७२ सालको भुकम्पका कारण चर्किएको अवस्थामा भौतिक मर्मत (रेट्रो फिटिङ्ग) गर्नु आवश्यक भएको हुदा उक्त भवन मर्मत भई विद्यालय कक्षाहरु नियमित रुपमा सञ्चालनमा आएको हुदा विद्यालय मर्मतमा भएको खर्च सदुपयोग नै भएको देखिदा सम्परिक्षणको लागि मुनासिव देखिन्छ । | ८८२०००.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |
| ४ | २०७६/०७७/७८ | **कोष बाहिरबाट खर्चः** कार्यालयले चालु खर्च शिर्षकको गो.भौ.नं. ८८८ तथा ८८९ बाट रु. ४६१७९५/- खर्च गरेको छ । कोभिड व्यवस्थापनको लागि कोष व्यवस्थापन गरिएको अवस्थामा अन्य खर्च शिर्षकबाट समेत गरिदा खर्चको यकिन विवरण प्राप्त गर्न कठिनाई हुन्छ । कोषको स्थापना भएको अवस्था हुँदाहुँदै कोष बाहिरबाट खर्च गरिएको हुँदा खर्च नियमित गर्नुपर्ने । | ४६१७९५.०० | कोभिड १९ को जोखिमको अवस्थामा तत्कालिन समयमा गाउँपालिकामा स्थापित विपद् व्यवस्थापन कोषमा रहेको रकम अपुग भएको र सम्भावित जोखिम न्यूनिकरणको लागि स्वास्थ्य सुरक्षा सामाग्री अत्यावश्यक भएकोले अन्य खर्च शिर्षकबाट खर्च लेखिएको हो । यस्तो रकम दुरुपयोग नभएको देखिदा सम्परिक्षण गर्न मुनासिव देखिन्छ । | ४६१७९५.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |

१.१०.७९ आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०७९।१०।०२ गणेश चौधरी
अध्यक्ष

| क.सं. | बेरूजुको दफा | बेरूजु फर्छ्यौट | | | | फर्छ्यौट गर्ने जिम्मेवार व्यक्तिको नाम र दर्जा |
|---|---|---|---|---|---|---|
| | | छोटकरी विवरण | रकम | व्यहोरा | रकम | |
| ५ | आ.व. २०७७/०७८/२८ | **चलचित्र निर्माणमा रकम भूक्तानी:-** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले बजेटमा नै व्यवस्था गरि थारू भाषाको चलचित्र विरा निर्माणकोलागि हमार म्यूजिक वगिया प्रा.ली. लाई रु.१५०००० भुक्तानी गरेको छ । यसरी नाफामूलक कम्पनीलाई चलचित्र निर्माणकोलागि बजेटमा नै व्यवस्था गरि रकम भुक्तानी गर्नु नियमसम्मत नदेखिएको । | १५००००.०० | जानकी गाउँपालिका स्थानीय थारु समुदायको बाहुल्यता भएको पालिका हो । स्थानीय भाषा, कला, संस्कृतिको संरक्षण गर्नु पालिकाको दायित्व हो । पालिकाले बजेट नै व्यवस्थापन गरि स्थानीय संस्कृतिको संरक्षण गर्ने थारु भाषको चलचित्र विरा निर्माणमा आर्थिक सहायता उपलब्ध गराएको हो । उक्त चलचित्रले कुनै व्यवसायिक प्रदर्शन गरेको देखिदैन । स्थानीय संस्कृतिको संरक्षणमा गरिएको उक्त खर्चले औचित्य पुष्टि गर्ने हुदा सम्परिक्षण गर्न मुनासिव देखिन्छ । | १५००००.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |
| ६ | आ.व. २०७७/०७८/२९ | **अनुगमन भत्ता:-** सुदुरपश्चिम प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (क) मा स्थानिय तहका पदाधिकारीको सेवा सुविधा निर्धारण गरेको छ । पालिकाले ऐनमा व्यवस्था भएको भन्दा बढी देहायबमोजिमका पदाधिकारीलाई भ्रमण आदेश, भ्रमण बिल संलग्न नगरी विभिन्न कार्यक्रम तथा योजना अनुगमन वाफत नियमित कामकाजको सिलसिलामा गरेको तालिम तथा योजना अनुगमन गरेको भनि अनुगमन भत्ता वाफत रकम भुक्तानी गर्नु नियमसम्मत नदेखिएको । | ४३८८००.०० | तत्कालिन समयमा कार्यक्रम तथा आयोजनाहरु अनुगमन गर्दा पालिकाले बजेटमा नै व्यवस्था गरि अनुगमन भत्ता उपलब्ध गराउदै आएकोमा हाल कार्यक्रमहरुको अनुगमन भत्ता उपलब्ध नगराउने गरेको र त्यस्तो खालको अनुगमन भत्ता आगामी दिनमा समेत पालिकाले उपलब्ध नगराउने प्रतिवद्धता गरेको हुदा सम्परिक्षण गर्न मुनासिव देखिन्छ । | ४३८८००.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |
| ७ | आ.व. २०७७/०७८/३३ | **बैठक भत्ता:-** सुदुरपश्चिम प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (क) मा स्थानिय तहका पदाधिकारीले कार्यपालिका र गाउँसभा बैठकमा मात्र बैठक भत्ता पाउने उल्लेख छ । त्यस्तै कार्यसञ्चालन निर्देशिकाको बुँदा नं. ७.१.१ मा कार्यालय समयभन्दा फरक पारी बैठक बस्नुपर्ने, एकै निकायका पदाधिकारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, आमन्त्रित सदस्य नराखे तर विशेषज्ञ सेवा आवश्यक परेमा बढीमा ३ जना सम्म मात्र आमन्त्रित सदस्य राखपाउने व्यवस्था छ । तर पालिकाले ऐन तथा निर्देशिकाले गरेको व्यवस्था विपरित देहायबमोजिम बैठक भत्ता वाफत रू. ६४३००० भुक्तानी गरेको रकम नियमसम्मत मात्र नसकिएको । | ६४३०००.०० | तत्कालिन समयमा विभिन्न समितिका बैठकहरुमा पालिकाले बजेटमा नै व्यवस्था गरि बैठक भत्ता उपलब्ध गराउदै आएकोमा महालेखा परिक्षकको प्रतिवेदन प्राप्त भएपश्चात त्यस्ता समितिको बैठक भत्ता उपलब्ध नगराउने गरेको र त्यस्तो खालको समितिको बैठक भत्ता आगामी दिनमा समेत पालिकाले उपलब्ध नगराउने प्रतिवद्धता गरेको हुदा सम्परिक्षण गर्न मुनासिव देखिन्छ । | ६४३०००.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |

२९.१०.७७
आशिश चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०७९।१०।२२
गणेश चौधरी
अध्यक्ष

| क.सं. | बेरूजुको दफा | बेरूजु फछ्र्यौट छोटकरी विवरण | रकम | व्यहोरा | रकम | फछ्र्यौट गर्ने जिम्मेवार व्यक्तिको नाम र दर्जा |
|---|---|---|---|---|---|---|
| ८ | आ.व. २०७७/०७८/४७.२ | **सम्झौता बेगर भूक्तानी:-**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकायले र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदाले आवश्यकता अनुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरि त्यस्तो काम वा सेवाको सम्बन्धमा सम्झौता गर्नु पर्ने व्यवस्था छ ।यस पालिकाले सम्झौता बेगर निम्न कार्यको रकम भुक्तानी दिएको देखिन्छ । यसरी सम्झौता बेगर भुक्तानी दिएको रकम नियम संगत नदेखिएको । | ४०५४२३.०० | उपरोक्त सम्बन्धमा उपभोक्ता समितिलाई कार्यदेश दिई कार्य गराउदै आएको सन्दर्भमा महालेखा परिक्षकको प्रतिवेदनमा उल्लिखित सुझावलाई गाउँपालिकाले पूर्ण रूपमा कार्यान्वयन गर्दै आएको छ । उपभोक्ता समितिलाई कार्यदेश दिई भएका उक्त कार्यहरु पालिकाले नियमित अनुगमन गरि फछ्र्यौट गर्ने गरेको हुदा सम्परिक्षणको लागि मुनासिब देखिन्छ । | ४०५४२३.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |
| ९ | आ.व. २०७७/०७८/५३ | **नमुना विद्यालय कार्यक्रम:-**<br>आर्थिक वर्ष २०७७।७८ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७७।०४।१४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को बुदा नं. ८.६ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक अनुदान कार्यक्रममा गत विगत आर्थिक वर्षमा भौतिक पूर्वाधार निर्माणाधिन रहेको विद्यालयमा स्वीकृत गुरुयोजनाले तोकेको क्षेत्रमा खर्च गर्ने अनुदान उपलब्ध गराएको उल्लेख छ । पालिकाले यस कार्यक्रमको लागि प्राप्त रकम जनता नमुना माध्यमिक विद्यालयमा विद्यालय वरपर पर्खाल निर्माणको ठेक्का गरेकोमा बचत रकमबाट भौतिक पुर्वाधार निर्माणको कार्यभन्दा बाहिर देहायबमोजिम खरिद कार्य गरेको छ । भौतिक निर्माणमा प्राप्त रकम सोही बमोजिमका कार्यमा खर्च नगरी आ.सी.टी. ल्याब निर्माणको लागि सामाग्री खरिद गरेको देखिन्छ । खरिद कार्य पनि एकमुष्ट रुपमा नगरी टुका पारि खरिद गरेको देखिएकोले खरिद कार्यलाई नियमसम्मत मात्र नसकिएको । | २१८६४५९.०० | उपरोक्त सम्बन्धमा जनता नमुना विद्यालयको भौतिक पुर्वाधारमा आवश्यक पुर्वाधार निर्माण गरि केही रकम विद्यालयको अत्यावश्यक सामाग्री खरिद भएकोमा उक्त विद्यालयमा हाल सम्म पनि उल्लिखित सामाग्री प्रयोगमा रहेको अवस्थामा देखिन्छ । विद्यालयको भौतिक निर्माणको साथै आवश्यक शैक्षिक गुणस्तर सुधारमा भएको उक्त खर्च प्रभावकारी रुपमा कार्यान्वयनमा रहेको हुदा सम्परिक्षणको लागि मुनासिव देखिन्छ । | २१८६४५९.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |
| १० | आ.व. २०७७/०७८/६४ | **वडा अध्यक्षलाई उपचार खर्च:-**<br>पालिकाको पदाधिकारीलाई सुविधा उपलब्ध गराउदा सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ कको अनुसुची १ (क) मा व्यवस्था भएअनुसार मात्र सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । पालिकाले वडा नं. ४ वडाध्यक्ष श्री गगन सिंह चौधरीलाई कोभिड-१९ संक्रमण भएको भनि ICU मा भर्ना गर्नु परेको उल्लेख गरी कार्यपालिकाको निर्णय तथा हस्पिटलको बिलको आधारमा रू.२००००० उपचार खर्च उपलब्ध गराएको छ । सेवा सुविधा सम्बन्धि ऐनमा उपचार सम्बन्धि व्यवस्था नभएको तर बिमा सम्वन्धि व्यवस्था भएको र बिमा पनि गरिसकेको तथा कोरोना बिमा कार्यक्रम लागु भएको अवस्थामा बिमा दावी गरि उपचार गराउनुपर्नेमा पालिकाबाट उपचार खर्च भुक्तानी गर्नु नियमसम्मत नदेखिएको । | २०००००.०० | तत्कालिन समयमा कोभिड १९ को महामारिमा राहात तथा उद्दार कार्यमा खटिएका तत्कालिन वडा नं. ४ का वडाध्यक्ष श्री गगन सिंह चौधरी कोभिड संक्रमित भइ ICU मा भर्ना भई उपचारत रहेको र निजको आर्थिक अवस्था पनि कमजोर रहेको र सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारि तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार दुर्घटना बिमा पोलिसि लागू नरहेको अवस्था भएको र हाल सम्पूर्ण जनप्रतिनिधिको दुर्घटना बिमा गरि त्यस्तो जोखिम व्यवस्थापन हुदै आएकोले तत्कालिन समयमा महामारिको अवस्थामा भएको उक्त खर्च सम्परिक्षणको लागि मुनासिव देखिन्छ । | २०००००.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |

२९.१०.७८ आशिज चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०७९।१०।२२ गणेश चौधरी
अध्यक्ष

गाउँपालिका
कार्यपालिकाको कार्यालय
जुगौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल



| क्र.सं. | बेरूजुको दफा | बेरूजु फर्छ्यौट | | | | फर्छ्यौट गर्ने जिम्मेवार व्यक्तिको नाम र दर्जा |
|---|---|---|---|---|---|---|
| | | छोटकरी विवरण | रकम | व्यहोरा | रकम | |
| ११ | आ.व. २०७७/०७८/७३ | **विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदानः-**<br>आर्थिक वर्ष २०७७।७८ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७७।०४।१४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को बुदा नं. ८ मा भौतिक निर्माण सम्बन्धी कार्य सञ्चालन गर्दा भौतिक निर्माणको लागत अनुमान तयार गर्ने, विद्यालयसँग सम्झौता गर्ने, सोही बुँदा अनुसार तोकीए अनुसार किस्तामा रकम निकासा गर्ने तथा निर्माण सम्बन्धि सर्वेक्षण फाराम, लागत अनुमान, सम्झौता, मूल्याङ्कन प्रतिवेदन, नापि किताब तथा कार्यसम्पन्न प्रतिवेदन प्रमाणित गराई स्थानीय तह र विद्यालयमा राखुपर्ने साथै भौतिक निर्माणको अन्तिम किस्ता भुक्तानी गर्दा नापि किताब भेरर मात्र दिनुपर्ने व्यवस्था छ । पालिकालाई विद्यालय प्रवलिकरण कार्यक्रमको लागि जनकल्याण आधारभुत विद्यालय लायकपुर छनौट भइ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट लागत अनुमान, ड्रइड, डिजाइन लगायत पठाइसकेको अवस्थामा पालिकाले पुन नयाँ लागत अनुमान तयार पारि विद्यालयलाई भुक्तानी गरेको छ । विभागले ओभरहेड सहित रु.१५००००० को लागत अनुमान स्वीकृत गरेकोमा उपभोक्ता समिति मार्फत कार्य गर्दा ओभरहेड बाहेकको रकम भुक्तानी गर्नुपर्नेमा लागत अनुमान परिवर्तन गरि सबै अनुदान रकम रु. १५००००० भुक्तानी गरेकोमा लेखापरिक्षणको क्रममा रु.३७१२२ असुल भइ आएकोले बाँकी रकम रू.१४६२८७७ लाई नियमित गर्नुपर्ने । | १४६२८७७.०० | जनकल्याण आधारभुत विद्यालय भवन निर्माण कार्य मन्त्रालयबाट स्विकृत ड्रईड, डिजाईन प्राप्त भई आएकोमा पालिकाको आवश्यकतालाई मध्यनजर गरि सामान्य परिवर्तन सहित स्वीकृत गरिएको हो । त्यसरी स्वीकृत गर्दा भएको ओभरहेड वापतको रकम संघिय संचित कोषमा समेत दाखिला भैसकेको अवस्था छ । साथै पालिकाले उपभोक्ता समिति मार्फत गराएको उक्त कार्य तत्कालिन समयमा अनुगमन र प्राविधिक नाप जाँचमा गुणस्तरिय कार्य भएको र हालसम्म पनि भवन प्रभावकारी प्रयोगमा रहेको हुदा सारभुत रुपमा प्रभावकारी रहेको हुदा सम्परिक्षणको लागि मुनासिव देखिन्छ । | १४६२८७७.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |

७९.१०.२२
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

७९।१०।२२
गणेश चौधरी
अध्यक्ष

| क.सं. | बेरूजुको दफा | बेरूजु फर्छ्यौट | | | | फर्छ्यौट गर्ने जिम्मेवार व्यक्तिको नाम र दर्जा |
|---|---|---|---|---|---|---|
| | | छोटकरी विवरण | रकम | व्यहोरा | रकम | |
| १२ | आ.व. २०७८/०७९/१६.१ | **उन्नत बिउ वितरण कार्यक्रमः-**<br>गुणस्तरीय बिउ बिजनमा कृषकको पहुँच वृद्धि गरि बिउ बिजन आपुर्ति प्रणालीलाई सुदृढ गर्ने तथा कृषकलाई प्रदान गर्ने प्रोत्साहन अनुदानलाई पारदर्शी एवम् एकद्वार प्रणाली मार्फत व्यवस्थापन गर्ने उद्देश्यले नेपाल सरकारले उन्नत बीउ उपयोगमा मुल्य अनुदान कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । बिउ बिजन उत्पादन, आपुर्ति व्यवस्थापन निर्देशिका, २०७८ को परिच्छेद-४ मा उन्नत बीउ बीजनको प्रयोगमा ५०% अनुदान कार्यक्रम सम्बन्धि व्यवस्था गरेको छ । निर्देशिका अनुसार उन्नत बिउ बीजन वितरण तथा अनुदान प्राप्त गर्न चाहने दुवै पक्षले विधुतिय बिउ बिजन व्यवस्थापन प्रणाली (डिजिटल इनेबल्ड सीड म्यानेजमेन्ट सिस्टम- डेसिस(DESES)) प्रणालीमा आवद्ध भई खरिद तथा वितरण प्रकृया सम्पन्न गर्नुपर्ने हुन्छ । पालिकाले डेसिस प्रणाली भन्दा बाहिर रहि नियमित खरिद प्रकृया बमोजिम शारदा एग्रो फार्म, आयुष एग्रो सेन्टर लगायतका वितरकहरुबाट जम्मा रु.१३,६९,३८० को गँहुको बिउ खरिद गरेको देखिन्छ । पालिकाले निर्देशिकाले तय गरेको विधिभन्दा बाहिर गई खरिद तथा वितरण प्रकृया पुरा गरेकोलाई नियमसम्मत मात्र नसकिने । | १३६९३८०.०० | उल्लिखित व्यहोरा अनुसार ५०% अनुदानमा सञ्चालित उन्नत बीउ वितरण कार्यक्रम मार्फत ३७० जना स्थानीय कृषक लाभान्वित भएको तथ्य पालिकामा रहेको व्यहोरा जानकारी गराउँदै सो समयमा संचालनमा रहेको डिजिटल इनेबल्ड सिड म्यानेजमेन्ट सिस्टम - डेसिस (DESES) संचालन गर्न दक्ष प्राविधिक जनशक्तिको समेत अभाव रहेकोले प्रणालीमा आवद्ध नभएपनि कृषकहरुले उन्नत बीउ प्राप्त गरि उत्पादकत्वमा वृद्धि भएको र आगामि दिनमा कार्यविधि तथा निर्देशिकामा उल्लिखित विधि तथा प्रकृया पालना गरेर मात्र त्यस्ता कार्यक्रम संचालन गर्ने प्रतिवद्धता सहित सम्परिक्षणको लागि मुनासिव देखिन्छ । | १३६९३८०.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |
| १३ | आ.व. २०७८/०७९/१६.२ | **साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमः-**<br>प्रमुख कृषी उपजहरुको विशिष्टकृत क्षेत्रहरु निर्माण गर्ने उद्देश्यले नेपाल सरकारले स्थानीय तहबाट सञ्चालन हुने गरी साना व्यवसायिक कृषी उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । प्रधानमन्त्री कृषी आधुनिकिरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद-४ मा पकेट विकास कार्यक्रमका लागि कृषक समुह वा यस्तै कृषि कार्यकालागि संगठित समुह हुनु पर्ने व्यवस्था छ । साथै, पकेट कार्यक्रमको मापदण्ड, आवेदन प्रकृया, लाभग्राही तथा पकेट क्षेत्रको छनौट, सम्झौता, कार्यक्रमको समयावधी लगायतका विभिन्न प्रावधानहरु रहेका छन् । म्यानुअलको बुँदा नं. ४.१.१० मा सम्झौता बमोजिम कार्यसम्पन्न भएपश्चात सम्बन्धित लाभग्राहीलाई अनुदान रकम भुक्तानी गर्नु लगायतका व्यवस्थाहरु छन् । पालिकाले आ.व. २०७७।७८ मा स्थापना भएको बंगुरको पकेट विकास कार्यक्रम निरन्तरता अन्तरगत पालिकाले सम्झौता बमोजिम कार्यसम्पन्न भएको यकिन गरि अनुदान रकम भुक्तानी गर्नुपर्नेमा सो नगरी पालिकाले म्यानुअल विपरित तालिका सञ्चालन, सामाग्री खरिद, ढुवानी, ब्यानर छपाई, अनुगमन भत्ता लगायत विभिन्न प्रयोजनमा खर्च गरिएको नियमसम्मत नदेखिएको । | ७०००००.०० | पकेट विकास कार्यक्रम अन्तरगत कृषक समुह वा यस्तै कृषि कार्यका लागि संगठित समुह मार्फत संचालन गर्नुपर्नेमा तत्कालिन समयमा संचालनमा रहेको बंगुरको पकेट विकास कार्यक्रम निरन्तरता दिन आवश्यक भएको हुदा उक्त बंगुर पकेट विकास कार्यक्रमकालागि आवश्यक तालिम संचालन तथा बंगुर पकेट क्षेत्र प्रवर्द्धनको लागि आवश्यक व्यवस्थापन गरिएकोले सो कार्यबाट बंगुर पालक कृषक समुहहरु लाभान्वित भएकोले उक्त खर्च तत्कालिन आवश्यकता अनुसार भएको र आगामि दिनमा त्यस्ता खर्चहरु निरुत्साहित गरिने प्रतिवद्धता सहित सम्परिक्षणको लागि मुनासिव देखिन्छ । | ७०००००.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |

२९.१०.२२
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०७९।१०।२२
गणेश चौधरी
अध्यक्ष

| क.सं. | बेरूजुको दफा | बेरूजु फछ्र्योट | | | | फछ्र्योट गर्ने जिम्मेवार व्यक्तिको नाम र दर्जा |
|---|---|---|---|---|---|---|
| | | छोटकरी विवरण | रकम | व्यहोरा | रकम | |
| १४ | आ.व. २०७८/०७९/१७.१ | **नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदानः-**<br>शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ बुँदा नं. २.७.१३.१३ मा पालिकाले शैक्षिक पुर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पुरा गर्ने लगायतका कार्यक्रम गर्न सम्बन्धित विद्यालयसँग सम्झौता गरी अनुदान रकम हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नुमना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७४ (संसोधनसहित) को बुँदा नं. ६.५ मा विद्यालयलाई आवश्यक पर्ने सामाग्री खरिद गर्दा विद्यालयले खरिद एकाई गठन गरी गर्नु पर्ने तथा बुँदा नं. ६.३ मा नमुना विद्यालयको व्यवस्थापन, रेखदेख र सञ्चालन गर्न स्थानीय तहको भुमिकाको (ञ) दफामा नमुना विद्यालय विकास योजना कार्यान्वयनका लागि संघिय सरकारबाट प्राप्त रकम सम्बन्धित विद्यालयमा समय मै निकासा गर्नुपर्ने व्यवस्था छ । नमूना विद्यालयमा छनौट भएको जनता नमूना माध्यमिक विद्यालयलाई अनुदानको वाफतको रकम भुक्तानी गर्दा पालिकाले नगद अनुदान दिनुपर्नेमा सो सामाग्री खरिद गरी विद्यालयलाई हस्तान्तरण गरेको देखिन्छ । कार्यान्वयन पुस्तिका तथा निर्देशिकाले तोकेको कार्यविधि पालना नगरी खर्च गरिएको नियमसम्मत नदेखिएको । | ३०००००००.०० | उल्लिखित सम्बन्धमा पालिकाको शैक्षिक विकासको लागि नमुना विद्यालय व्यवस्थापन शीर्षकमा प्राप्त उक्त बजेट निकासामा ढिलाई तथा विद्यालयमा खरिद सम्बन्धी दक्ष जनशक्तिको अभाव रहेको तथा पालिकामा खरिद ईकाई, मूल्याङ्कन समिति जस्ता खरिद नियमन ईकाई रहेको साथै उक्त विद्यालयले आवश्यक सामाग्री खरिद गरि उपलब्ध गराई दिन यस पालिकालाई लेखेको पत्र, खरिद विधिसँग सम्बन्धित कागजात, विद्यालयलाई सामाग्री हस्तान्तरण गरेको ह.फा., पालिकामा रहेको हुदा विद्यालयले माग गरे अनुसारको सामाग्री प्राप्त गरेको र खरिद विधि मार्फत खरिद हुदा केही रकम बचत हुन गई संघिय संचितकोषमा दाखिला हुन गएको हुदा खर्चको औचित्य पुष्टि हुने देखिदा सम्परिक्षणको लागि मुनासिव देखिन्छ । | ३०००००००.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |
| १५ | आ.व. २०७८/०७९/१७.२ | **दिवा खाजाः-**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को बुँदा नं. २.७.११.१ तथा दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका, २०७७ ले सम्बन्धित विद्यालयले दिवा खाजा बनाई प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरुलाई खुवाउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले दिएको विवरण अनुदार निम्नलिखित विद्यालयहरुले विद्यार्थीहरुलाई खाजा नखुवाई खाजा वाफतको रकम नगद हस्तान्तरण गरेको पाईयो । विद्यालयले खाजा पकाई खुवाउनु पर्नेमा नगद नै हस्तान्तरण गरिएको नियमसम्मत नदेखिएको । | ७४२७७०.०० | उल्लिखित व्यहोरा सम्बन्धमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सामुदायिक विद्यालयमा आकर्षित गर्न, पोष्टिक आहार उपलब्ध गराउन तत्काल विद्यालयमा खाजा तयार गरि विद्यार्थीलाई खुवाउने आवश्यक पूर्वाधारको अभाव भएको हुदा विद्यार्थीलाई घरबाट नै खाजा उपलब्ध गराउन सहज हुने गरि विद्यार्थीका अभिभावकलाई रकम उपलब्ध गराएको र हाल सम्पूर्ण विद्यालयहरुमा पालिकाले भान्सा घर निर्माण गरि विद्यालयमा नै खाजा तयार गरि उपलब्ध गराउने व्यवस्था मिलाई दिवा खाजा कार्यक्रम सञ्चालन गरिएकोले तत्कालिन समयमा वितरण गरिएको दिवा खाजा रकम दुरुपयोग नभई सम्बन्धीत विद्यार्थीले नै उपभोग गरेकोले सम्परिक्षणको लागि मुनासिव देखिन्छ । | ७४२७७०.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |

७९.१०.२९
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०७९/१०/२९

| क.सं. | बेरूजुको दफा | बेरूजु फर्छ्यौट | | | | फर्छ्यौट गर्ने जिम्मेवार व्यक्तिको नाम र दर्जा |
|---|---|---|---|---|---|---|
| | | छोटकरी विवरण | रकम | व्यहोरा | रकम | |
| १६ | आ.व. २०७८/०७९/२०.२ | **गत वर्षको भुक्तानीः-**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२ (घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणीत तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु.३,५३,३५६ भुक्तानी दिएको छ । तसर्थ, यस्तो भुक्तानी नियमसम्मत नदेखिएको । | ३५३३५६.०० | उल्लिखित व्यहोरा अनुसार पालिकाले महालेखाको प्रतिवेदन प्राप्त पश्चात गत वर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित गरेर मात्रै भुक्तानी गर्ने गरेको र आगामी दिनमा समेत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्थाको पूर्ण पालना गर्ने प्रतिवद्धता सहित सम्परिक्षणको लागी मुनासिव देखिन्छ । | ३५३३५६.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |
| १७ | आ.व. २०७८/०७९/२०.८ | **शिक्षकको तलब भत्ताः-**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्विकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमती प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्विकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका ६२ नीजि शिक्षकलाई रु.४४,८०,००० तलब भुक्तानी गरेको पाईयो । सशर्त अनुदानबाट तलब भत्ताको व्यवस्था भएकोमा आन्तरिक स्रोतबाट खर्च लेख्ने कार्य नियमसम्मत देखिएन । पालिकाले भौ.नं. १५४४ बाट सरस्वती मा.वि. लाई समानिकरण शीर्षकबाट नीजि शिक्षकको लागि रु.१,५६,००० भुक्तानी दिएको अनियमित देखिन्छ । | १५६०००.०० | शिक्षकको तलब सम्बन्धमा साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति लिई नियुक्त गरिएका शिक्षक तत्कालिन समयमा विद्यालयले विद्यार्थीबाट निश्चित शुल्क लिई व्यवस्थापन गर्दै आएकोमा सरकारको नीति अनुसार आधारभुत तह सम्मको शिक्षालाई निःशुल्क गरेको हुदा त्यस्ता शिक्षक विद्यालयमा अध्यापन गराई रहेको र आवश्यक पनि भएको हुदा त्यस्ता शिक्षकको तलब, भत्ता पालिकाले आन्तरिक स्रोत मार्फत व्यवस्थापन गर्दै आएको हुदा विद्यालयको आवश्यकता र शिक्षा क्षेत्रको गुणस्तर सुधारको लागि गरिएको उक्त खर्च औचित्यपूर्ण रहेको हुदा सम्परिक्षणको लागी मुनासिव देखिन्छ । | १५६०००.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |

9.10.22
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।१०।२
गणेश चौधरी
अध्यक्ष

| क.सं. | बेरुजुको दफा | बेरुजु फर्छ्यौट | | | | फर्छ्यौट गर्ने जिम्मेवार व्यक्तिको नाम र दर्जा |
|---|---|---|---|---|---|---|
| | | छोटकरी विवरण | रकम | व्यहोरा | रकम | |
| १८ | आ.व. २०७८/०७९/२८ | **थारु जातिका परम्परागत पोसाक सिलाईकटाई तालिमः-**<br>थारु जातिको परम्परागत पोसाक सिलाईकटाई तालिमः तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ ले परम्परागत पेशा प्रवर्द्धन एवं आयआर्जन तथा जीवनस्तर सुधार कार्यक्रम अन्तरगत जानकी गाउँपालिकालाई थारु जातीको परम्परागत पोसाक सिलाइकटाई तालिम कार्यक्रम अन्तरगत छनौट गरेको छ । निर्देशिकाले कार्यक्रम सञ्चालन गर्दा पालिकाको न्यूनतम १०% लागत सहभागिता हुनुपर्ने, कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन तथा अन्य प्रचलित कानून बमोजिम खर्च व्यवस्थापन गर्नुपर्ने पालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिले आयोजनाको नियममित अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने लगायतका व्यवस्थाहरु गरेको छ । पालिकाले यस कार्यक्रम सञ्चालन गर्दा रू.४,९७,५६७ गरेको तर निर्देशिकाले तोकेका कार्यविधिहरु पुरा नगरी सञ्चालन गरेको पाइयो । यसरी निर्देशिकाले तोकेका विधिहरु पालना नगरी खर्च गरेको नियमसम्मत नदेखिएको । | ४९७५६७.०० | उल्लिखित विषयमा थारु जातिको परम्परागत पोसाक सिलाईकटाई तालिम अन्तरगत पालिकाले विभिन्न विभिन्न वडाका युवायुवतीलाई तालिम प्रदान गरेको छ । पालिकाले नियमित रुपमा अनुगमन समेत गर्ने गरेको हुदा पालिकाले १० प्रतिशत लागत साझेदारी गर्न भुलवस छुट हुन गएको देखिदा उक्त प्रतिवेदन पश्चातका साझेदारीमुलक कार्यक्रमहरुमा पालिकाले लागत साझेदारी गर्दै आएको छ र आगामी दिनमा समेत गर्ने प्रतिवद्धता सहित पालिकाको लागत साझेदारी नभएता पनि निर्देशिकाको मर्म अनुसार नै खर्च भएको हुदा सम्परिक्षणको लागी मुनासिव देखिन्छ । | ४९७५६७.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |
| १९ | आ.व. २०७८/०७९/२९.२ | १. भौचर नं. ८२२।०७८।१०।२४, थेसिस रिसर्चकर्ताको रिसर्चले गाउँपालिकाको सामुदायिक वनहरुलाई व्यवस्थित गर्न सकिने भनि जिवन रेग्मिलाई थेसिस लेखनका लागी आर्थिक सहयोग गरिएको जुन भुक्तानीको कुनै पनी कानूनी आधार (ऐन, कानून, कार्यविधि) नभएको हुँदा सो भुक्तानीलाई नियमित गर्नुपर्ने ।<br>२. भौ.नं. ९७८।०७८।११।२९, सुदुरपश्चिम साहित्य समाज कैलालीलाई साहित्य महोत्सव सञ्चालनको लागी भनि भएको भुक्तानिलाई नियमित गर्नुपर्ने । | १५८०००.०० | व्यहोरा बमोजिम पालिका क्षेत्र भित्र रहेका समुदायिक वनको एकीकृत तथ्याङ्क संकलन गरि सामुदायिक वनलाई व्यवस्थित गर्ने उद्देश्यले अध्ययन गरि प्रतिवेदन प्राप्त गरेर राजश्वको दायरामा समेत टेवा पुग्ने अनुमान गरि त्यस्तो खर्च गरिएको हो । साथै, सुदुरपश्चिम प्रदेशको कला साहित्य र संस्कृति संरक्षणको लागि सुदुरपश्चिम साहित्य महोत्सव संचालनको लागि आर्थिक सहायता उपलब्ध गराएकोमा आगामी दिनमा यस्ता खर्चहरुलाई नियन्त्रण गर्ने प्रतिवद्धता सहित सम्परिक्षणको लागी मुनासिव देखिन्छ । | १५८०००.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |

७९.१०.२२
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०७९।१०।२२
गणेश चौधरी
अध्यक्ष

| क्र.सं. | बेरूजुको दफा | बेरूजु फछ्यौट | | | | फछ्यौट गर्ने जिम्मेवार व्यक्तिको नाम र दर्जा |
|---|---|---|---|---|---|---|
| | | छोटकरी विवरण | रकम | व्यहोरा | रकम | |
| २० | आ.व. २०७९/८०/३० | **कार्यविधि निर्माण:-**<br>सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १४ (२) मा ऐन, नियम, विनियम, कार्यविधि, मापदण्ड र निर्देशिका बनाउने जस्ता काम सेवा परामर्शबाट गराउन पाइने छैन भन्ने व्यवस्था छ । पालिकाले यस बर्ष समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टर प्रा.ली. बाट सेवा परामर्श मार्फत सेवा बाट अपाङ्गमैत्री स्थानिय शासन प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७९ र फोहोरमैला व्यवस्थापन सम्बन्धी ऐन, २०७९ बनाई रु. ४,९१,५५० भुक्तानी गरेको छ । पालिकाले आफ्नो जनशक्तिबाट कार्यसम्पादन गर्नसक्ने अवस्थाको आँकलन नगरि पालिकासँग सम्बन्धीत कार्यविधि निर्माणको लागि बाहिरको पक्षसँग सेवा परामर्श लिई भुक्तानी दिने कार्य नियमसम्मत नदेखिएको । | ४९१५५०.०० | उल्लिखित व्यहोरा अनुसारको कार्यविधि निर्माण गर्नुका साथै पालिकामा रहेका कर्मचारी तथा जनप्रतिनिधिको सिकाई तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टर प्रा.ली. बाट सेवा परामर्श मार्फत कार्यविधि निर्माण गरिएको हो । साथै, तत् पश्चात पालिकाले आवश्यक सम्पूर्ण कार्यविधि निर्देशिका स्वयमं निर्माण गर्दै आएकोले उक्त समयमा गरिएको खर्चले क्षमता विकासमा महत्वपूर्ण योगदान गरेको हुदा सम्परिक्षणको लागी मुनासिव देखिन्छ । | ४९१५५०.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |
| २१ | आ.व. २०७९/८०/३१ | **विधुत जरिवाना भुक्तानी:-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट गर्दा नियमितता, मितव्ययीता, प्रभावकारीता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विधुत महसुल वाफत रु.७,१६,१६७ जरिवाना भुक्तानी गरेको छ । यसरी सार्वजनिक कोष जरिवाना वाफत भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको । | ७१६१६७.०० | तत्कालिन समयमा पालिका अन्तरगतका वडा कार्यालय, स्वास्थ्य चौकी लगायतका कार्यालयहरुमा राष्ट्रिय प्रसारण लाइन विधुत सहकारी मार्फत संचालनमा रहेको र मासिक मिटर रिडिङको बिल ढिलो गरि मात्रै कार्यालयमा प्राप्त हुदै आएकाले त्यस्तो जरिवाना देखिन आएको हो महालेखा नियन्त्रकको प्रतिवेदन पश्चात विधुत जरिवान रकम ढिलो गरि पेश गर्ने पदाधिकारिलाई नै जिम्मेवार बनाई पालिका मार्फत जरिवाना बाहेकको रकम मात्रै भुक्तानी हुदै आएको छ । साथै, आगामि दिनमा समेत जरिवाना नलाग्ने गरि महशुल भुक्तानी गर्ने प्रतिवद्धता सहित सम्परिक्षणको लागी मुनासिव देखिन्छ । | ७१६१६७.०० | प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरी र लेखा अधिकृत दिनेश माझी |
| | | जम्मा | २८३२९१७०.०० | | २८३२९१७०.०० | |

२०७९.१०.२२
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०७९/१०/२२
गणेश चौधरी
अध्यक्ष